माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या ६ राजपत्रमा प्रकाशित मिति : २०७७/१२/२६

**भाग -२**

**माई नगरपालिका**

लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१२/२३
प्रमाणिकरण मिति: २०७७/१२/२६

माई नगरपालिका

माई नगरकार्यपालिकाद्धारा प्रकाशित

कार्यपालिकामा पेश भएको मिति २०७७/ १२/२३ गते

कार्यपालिकाबाट स्वीकृत मिति २०७७/१२/२३ गते

प्रमाणित मिति: २०७७/१२/२६ गते

माई नगरपालिका इलाम

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

**माई नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# माई कार्यविधि, २०७७

**प्रस्तावना:** समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माई नगरपालिकाले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७" रहेको छ।

(ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) " कार्यालय " भन्नाले माई नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "मन्त्रालय "भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल ,सार्वजनिक स्थल, वा परिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

(च) "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ।

३. **कोषको स्थापना:** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्।

(क) माई नगरपालिका नगरसभाबाट विनियोजित रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति वा संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्था बाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतवाट प्राप्त रकम

४. **कोषमा रकम जम्मा गर्ने:** महिला हक हितको संरक्षणका लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको रकममा नघटाइ कोषमा जम्मा गर्नु पर्नेछ।

५. **कोषको उपयोग:** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

क) तत्काल उद्धार गर्न,

ख) औषधि उपचार गर्न,

माई नगरपालिका इलाम

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

घ) पीडितलाई कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

ङ) लैङ्गिक हिंसा पिडित व्यक्तिलाई स्वरोजगारको लागि ब्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

च) पीडितलाई सामाजिक पुनर्स्थापना गराउन,

छ) हिंसा पीडित र प्रभावित महिलाका लागि पुनर्थापना केन्द्र सञ्चालन गर्न,

ज) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरवाट पीडितले प्रचलित कानून बमोजिम कुसूरदारवाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा,

झ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** १) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिको सचिवालय तथा वैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

७) **तत्काल उद्धार तथा राहत समिति:**

(१) पीडितलाई तत्काल उद्धार राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन गरिनेछ।

(२) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ।

| | |
|---|---|
| क) नगरपालिकाको उप प्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) इलाका प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| घ) नगर सभा सदस्य(महिला २ जना) | सदस्य |
| ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ङ)महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

८) **स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार:**

माई नगरपालिका इलाम

स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,
ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,
घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ,
ङ) संचालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ:-

*(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्चबापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाका दरले बढीमा पाँचहजार रुपैया,

*(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु गर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रति दिन तीन सय रुपैया, अस्पतालमा बस्ने ब्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच सय रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,पीडितसँग आश्रित बालबच्चा भए बालबालिका का लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

*(ग) कानुनी सहायता,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

*(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैया,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो बुझ्दा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयामा नवढ्ने गरी मनासिव रकम थप गरि दिन सक्नेछ।

(३) उपनियम (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

माई नगरपालिका इलाम

**१०) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचि १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपनियम(१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा (५) को अधिनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**(३) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्कीई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा र सञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा स्थानीय तत्काल उद्धार तथा राहत समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा(३) बमोजिमको अवस्था परी स्थानीय तत्काल उद्धार तथा राहत समितिको संयोजकले पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**११) प्रतिवेदन पेश गर्ने:** तत्काल उद्धार तथा राहत समितिबाट भए गरेको काम कार्वाहीको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र कार्यपालिकामा पेस गर्नुपर्नेछ।

**१२) अभिलेख राख्नुपर्ने:** सदस्य सचिवले समितिबाट भए गरेका सम्पुर्ण कामको अभिलेख राख्नु पर्नेछ।

**१३) बैठक भत्ता:** सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत स्थानीय कानुन अनुसारको रकम बैठक भत्ता वापत पाउनेछन्।

**१४) संशोधन:** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक्ता अनुसार संशोधन गर्न सक्ने छ।

माई नगरपालिका इलाम

## अनुसूचि-१

(दफा १० को उपदफा १ सँग सम्बन्धित)

श्री संयोजक ज्यू,
तत्काल उदार तथा राहत समिति,
माई नगरपालिका ।

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

............जिल्ला..........नगरपालिका वडा नं ......बस्ने वर्ष .....को म..............मिति ....................देखि लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा ............... भएको कारणले मेरो मानसिक,शारीरिक र सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता/परामर्श/उद्धार/मनोविमर्स/स्वरोजगार/पुनस्थापना वा .............कामका लागि सहयोग परेको हुदाँ लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेस गरेको छु ।

माई नगरपालिका इलाम

निबेदकको

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

आज्ञाले
बिष्णुकुमार थेगुवा
प्रमुख प्रशासकीय अधिकृत